**प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्**
**सानोठिमी, भक्तपुर**
**स्तर निर्धारण महाशाखाको**

# शैक्षिक सत्र २०७६/०७७ को लागि TSLC स्वास्थ्य तर्फका कार्यक्रम नविकरण गर्ने बारेको सूचना

प्रथम पटक प्रकाशित २०७६/०३/२०

यस परिषद्बाट सम्बन्धन/स्वीकृति लिई संचालनमा रहेका TSLC स्वास्थ्य तर्फका कार्यक्रम संचालन गरिरहेका संस्थाहरुले सम्बन्धन/स्वीकृति पाएको मितिले दुई वर्ष पछि प्रत्येक वर्ष कार्यक्रम नविकरण गर्नु पर्ने व्यवस्था भए बमोजिम शैक्षिक सत्र २०७५/०७६ वा सो भन्दा अगाडी भर्ना भै संचालनमा रहेका कार्यक्रमहरु मात्र सम्पन्न गर्ने गरि कार्यक्रम नविकरण गराउन तपशिलमा उल्लेख भए बमोजिमको शर्त अनुसार नविकरण शुल्क, TMIS शुल्क र अन्य आवश्यक कागजातहरु सहित सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र नविरकणका लागि निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नबिकरण गर्न आउंदा अनिवार्य रुपमा पेश गर्नु पर्ने कागजातहरु::-**

(क) कम्पनी रजिष्ट्रार कार्यालय वा संस्था दर्ता भएको कार्यालयबाट आर्थिक वर्ष २०७५/०७६ को संस्था नविकरण /अध्यावधिक गरेको पत्र ।

(ख) संस्थाको शेयर धनि सञ्चालक समितिको सदस्यहरु सहितको विवरण खुल्ने प्रवन्धपत्र, नियमावली लगायतका कम्पनी रजिष्ट्रार कार्यालयका कागजातहरु ।

(ग) आ.व. २०७४/०७५ सम्मको करचुक्ता प्रमाणपत्र वा कर दाखिलाको प्रमाण पेश गर्नु पर्ने छ ।

(घ) गत शैक्षिक सत्र २०७५/०७६ मा नबिकरण गराएको सक्कल नबिकरण कार्ड र सोको प्रतिलिपी ।

(ङ) संस्थाको ठाउंसारी, नामसारी, कार्यक्रम समायोजन तथा स्वामित्व हस्तान्तरण भएकोमा सो पत्रको प्रतीलिपी पेश गर्नु पर्नेछ ।

(च) परिषद्बाट सम्बन्धन प्राप्त गर्दाको सम्बन्धन/स्वीकृतिपत्र/थप कार्यक्रम/नामसारी समेतको स्वीकृति पत्रको प्रतिलिपी समावेश गर्नु पर्नेछ ।

(छ) प्राविधिक TSLC स्वास्थ्य तर्फका कार्यक्रमहरुको निरन्तरता सम्वन्धमा परिषद ऐन, नियम तथा प्रचलित ऐनको अधिनमा रहि अर्को निर्णय भै नआए सम्म शैक्षिक सत्र २०७६/०७७ को लागि विद्यार्थी भर्नाको प्रकृया अगाडी बढाइने छैन ।

(ज) प्रयोगात्मक अभ्यासको लागि प्रयोग गरिएको अस्पतालको सम्झौता पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(झ) माथि उल्लेखित प्रमाण, कागजात सहित प्राप्त निवेदनहरु उपर जांचबुझ गरी परिषद् कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, सानोठिमी, भक्तपुरको खाता च.हि.न १७३०००००९०६ मा तोकीएको रकम जम्मा गरी कार्यक्रम नविकरण गर्नु पर्ने छ । प्राविधिक महाशाखाबाट प्राप्त अनुगमन तथा मूल्यांकन प्रतिवेदनबाट सिफारिस भै आएका संस्थाहरुको मात्र नविकरण गरिने छ ।

| क्र.सं. | कार्यक्रम | नविकरण शुल्क |
|---|---|---|
| १ | TMIS शुल्क ( प्रति संस्था) | रु. २०००।- |
| २ | प्रा.एस.एल.सी | रु. १०,०००।- र प्रति थप कार्यक्रम रु. ५,०००।- |

**<u>पुनश्चः</u>** परिषद् सूचना तथा अनुसन्धान महाशाखाको TMIS ईकाइमा आवश्यक तथ्यांकहरु उपलव्ध गराए पश्चात नबिकरणको प्रक्रिया सुरुहुने व्यहोरा समेत जानकारी गराइन्छ । थप जानकारीको लागि परिषद कार्यालयको बेवसाइड www.ctevt.org.np मा हेर्नुहुन वा परिषद कार्यालयको न. ०१ ६६३०४०८ मा सम्पर्क गर्नुहुन समेत सूचित गरिन्छ ।

निर्देशक